

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २३ गते मंगलबार ❑ 10 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखराबाट यात्रुबाहक बसको अग्रिम टिकट बुकिङ खुल्ला

पोखरापत्र संवाददाता
पोखरा, २२ असोज



पोखरा क्षेत्रबाट पनि यातयात व्यवसायिहरुले नेपालीहरुको महान पर्व विजया दशमी तथा शुभ-दीपावलीको अवसरमा यात्रु बाहक बसको अग्रिम टिकट बुकिङ खुल्ला गर्नु भएको छ ।

विभिन्न ठाँउबाट कामको शिलशिलामा विभिन्न जिल्ला पुगेकाहरु आफ्नो घर फर्किने दशैंको दिन नजिकीदै जादा यातयात व्यवसायीहरुले सुविधा दिने उद्धेश्यले अग्रिम टिकट बुकिङ खुल्ला गर्नु भएको हो ।

पृथ्वीराजमार्ग बस संचालक कम्पनी प्रा.लि.ले आइतबार देखि नै पोखरादेखि देशका विभिन्न स्थानमा जानको लागि तथा पोखरा तर्फ आउनको लागि अग्रिम टिकट बुकिङ खुल्ला गरिएको प्रा. लि.का अध्यक्ष योगेन्द्र केसीले बताउनुभयो । अन्य दिनमा दैनिक जसो ४ सय वटा यात्रु बाहक बस तथा माइक्रो बस एवं हाइस गाडीहरु संचालन हुने भए पनि दशैंको अवसरमा ५० प्रतिशत अतिरिक्त गाडीहरुको माग हुने गरेको उहाँले बताउनु भयो । प्रा.लि.बाट हाल अनलाईन बुकिङ समेत गर्न सकिने व्यबस्था मिलाएको बताउदै अध्यक्ष केसीले प्रा. लि.का काउण्टर हरुबाट अग्रिम टिकट बुकिङ गर्ने गरेको बताउनुभयो । पोखराबाट धरान तर्फ जानेहरुको अत्याधिक अग्रिम टिकट बुकिङको माग हुने बताउदै अध्यक्ष केसीले त्यसै गरी काकरभिट्टा, विराटनगर, कटारी, धनगढी लगायतको क्षेत्रमा समेत जानको लागि अग्रिम टिकट बुकिङ हुने गरेको जनाउनु भयो । दशैंको अवसरमा यात्रुहरुको सेवालाई मध्यनजर गरी प्रा.लि.ले अग्रिम टिकट बुकिङ सहित अनलाइनबाट समेत अग्रिम बुकिङ गर्न सकिने व्यबस्था मिलाएको छ । रात्रीकालिन सेवा सहित देशका २७ ठाँउबाट हाल प्रा.लि.मा आबद्ध बसहरु छुट्ने गरेको अध्यक्ष केसीले जनाउनु भयो । यदी यात्रुको माग धेरै भएमा आफुहरुले सोही अनुसार बस सेवाको व्याबस्था मिलाउने उहाँले जनाउनु भयो । सोमबारदेखि देशका धेरै ठाँउमा अग्रिम टिकट बुकिङ खुल्ला गरिएसंगै टिकट लिनेहरुको विहानैदेखि भिडभाड भएको छ । हुम्ला र जुम्ला बाहेक अधिकांश जिल्लामा प्रा.लि.द्धारा संचालित एक हजार ३ सय भन्दा बढी बसहरु आफुहरुसंग भएकोले यात्रुको चाप अनुसार समितिले सेवा दिन तयार रहेको अध्यक्ष केसी जनाउनुभयो । यसैबिच, पर्यटक बस संचालन गर्ने संस्था नाट्टा गण्डकीले दशैं पर्व लक्षित गरी यस बर्ष करिब ८० प्रतिशत यात्रु बाहक बस तथा माइक्रो बस संचालन गर्ने तयारी गरेको नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारीले बताउनु भयो । कोभिड १९ पछि करिब ५० प्रतिशत मात्र आफ्ना सवारी साधनहरु संचालन भएको अबस्थामा हाल यात्रुको माग भए अनुसार ८० प्रतिशतसम्म संचालन गर्ने गरी तयारी गरेको उहाँले बताउनु भयो । सडक स्तरोन्नतीका कारण पोखरा काठमाण्डौंको बाटो करिब १० देखि १२ घण्टा लाग्ने भएको कारणले गर्दा यस पाली दशैंको अवसरमा पोखरा क्षेत्रमा कम पर्यटक आउन सक्ने अध्यक्ष अधिकारीले जनाउनु भयो । आफुहरुको अनलाईन सहित अग्रिम टिकट बुकिङ जहिले पनि खुल्ला हुदै आएको उहाँले जनाउनु भयो । नाट्टा गण्डकीमा करिब ६० वटा यात्रु बहाक सवारी साधनहरु रहेका छन् ।

## सर्वसाधारणलाई नयाँ नोट असोज २९ गतेबाट

पोखरापत्र संवाददाता
पोखरा, २२ असोज



नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले सर्वसाधारणको लागि यही असोज २९ गतेदेखि मात्र नयाँ नोट सटही गर्ने भएको छ ।

राष्ट्र बैंकको निर्देशन नै घटस्थापनाको भोलिपल्टबाट मात्र वितरण गर्ने निर्देशन अनुसार आफुहरुले असोज २९ अर्थात सोमबारबाट नयाँ नोट सटही गर्ने तयारी गरिएको राष्ट्र बैंक पोखरा कार्यालयलका उप–निर्देशक सम्भना ढकालले बताउनुभयो ।

यस बर्ष ५० रुपैयाको स्टक कम भएको उहाँले बताउनु भयो । आम सर्वसाधारणको लागि भने गत बर्ष झै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का प्रति व्यक्ति १८ हजार ५ सय सम्म एक बण्डल सटहीको व्यबस्था गरिने उपनिर्देशक ढकालले उल्लेख गर्नुभयो ।

यस क्षेत्रका बैंक तथा वित्तिय संघ संस्थाहरुलाई नयाँ नोट वितरण गर्न सुरु गरिएको राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ । यस बर्ष आफुहरुसंग नयाँ नोटको धेरै स्टक नभएकोले माग अनुसार सन्तुलित ढंगले वितरण गर्न सुरु गरिएको उपनिर्देशक ढकालले बताउनु भयो । यही असोज २९ अर्थात घटस्थापनाको भोलि पल्ट सोमबार देखि सर्वसाधारणको लागि राष्ट्र बैंकबाटै नयाँ नोट वितरण हुने भएको उप–निर्देशक ढकालले जानकारी गराउनु भयो । बैंक तथा वित्तिय संघ संस्थाहरुले राष्ट्र बैंकबाट लगेको नयाँ नोट उहाँहरुले आफ्नो अनुकुलमा वितरण गर्ने भए पनि आम सर्वसाधारण राष्ट्र बैंकमै पुगेल सटही गर्ने गरेको देखिन्छ ।

नेपालीहरुको महान पर्व विजया दशमी पर्वको अवसरमा यस बर्ष पनि नेपाल राष्ट्र बैंकले पोखरा सहितका अन्य क्षेत्रमा नयाँ नोट पठाएसंगै उनीहरुले बैंक तथा वित्तिय संघ संस्थाहरुलाई वितरण गर्न सुरु गरेका हुन् । यदि कसैले बैंक नोट वा सिक्का जलाउने, गाल्ने, च्यात्ने वा बैंक नोटमा लेख्ने गरेमा तीन बर्ष कैद र ३० हजार जरिवाना हुने कानुनि व्यबस्था रहेको छ ।

## इजरायलमा ज्यान गुमाएका नेपालीका परिवारलाई १० लाख सहयोग

रासस
काठमाडौं, २२ असोज

सरकारले इजरायलमा आतङ्कवादी हमलामा परी ज्यान गुमाएका नेपाली नागरिकका परिवारलाई सहयोगस्वरुप प्रतिपरिवार रु १० लाख उपलब्ध गराउने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को सोमबारको आकस्मिक बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । बैठकले स्वदेश फर्कन चाहनेहरूलाई नेपाल वायु सेवा निगम र हिमालयन एयरलाइन्सको विमान चार्टर गरी स्वदेश ल्याउने व्यवस्था गर्ने निर्णय गरेको छ । बैठकले यही असोज २० गते दक्षिण इजरायलको किबुच अलुमिया भन्ने स्थानमा प्यालेस्टाइनको अतिवादी समूह हमासले गरेको आक्रमणमा परी १० जना नेपालीको दुःखद निधन भएकामा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ । साथै बैठकले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । बैठकले उक्त अकल्पनीय घटनामा दिवङ्गत नेपालीहरूप्रति सम्मान व्यक्त गर्दै यही असोज २३ गते मङ्गलबार राष्ट्रिय शोक घोषणा गर्दै देशभरका सरकारी कार्यालय र विदेशस्थित नेपाली नियोगमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको सञ्चारमन्त्री शर्माले बताउनुभयो । त्यसैगरी, मन्त्रिपरिषद् बैठकलेपरराष्ट्रमन्त्रालयलेइजरायलस्थित राजदूतावाससँग समन्वय गरी शव यथाशीघ्र नेपाल ल्याउने निर्णय गरेको छ । इजरायललस्थित नेपाली राजदूतावासले इजरायल सरकारसँगको समन्वय र सहयोगमा बेपत्ता भएकाको खोजी गर्ने तथा घाइतेहरूको उपचारका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने निर्णय पनि बैठकले गरेको छ । मन्त्रिपरिषद् बैठकले इजरायलस्थित नेपाली राजदूतावासले स्वदेश फर्कन चाहने नेपालीहरूको विवरण 'अनलाइन' सङ्कलन गरी तत्काल परराष्ट्र मन्त्रालयमा पठाउने व्यवस्था गर्न तथा स्वदेश फर्कन चाहनेलाई आफ्नो विवरण प्रविष्ट गराउन निर्देशन गरेको छ ।

सरकारले इजरायलमा रहेका नेपालीको उद्धार र स्वदेश फिर्तीमा सहयोग गर्न स्थानीय भाषामा पोख्त व्यक्तिबाट बढीमा तीन महिना सेवा लिन स्वीकृति दिने निर्णय गरेको छ । इजरायललस्थित नेपाली राजदूतावासले इजरायलको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पर्यटक कुरिरहेको बेगनास

रामबहादुर थापा
पोखरा, २२ असोज (रासस)

शनिबार अपराह्नपख डुङ्गा व्यवसायी शिवप्रसाद पाण्डे बेगनास ताल किनारमा टहलिरहेको भेटिनुभयो । चाडपर्वको याम त्यहीँमाथि बिदाको दिन । ताल छेउछाउ फाट्टफुट्ट मात्र पर्यटक देखेर उहाँ निराश देखिनुहुन्थ्यो ।

"यो पाली अचम्मै भएको छ, पर्यटक किन आएनन् खै !", पाण्डेले भन्नुभयो, "मुख्य पर्यटकीय याममा पनि बेगनासको यो अवस्था छ ।" शनिबार २ बजेसम्म जेनतेन पचास आन्तरिक पर्यटकले मात्र डुङ्गामा ताल सयर गरेका उहाँले बताउनुभयो । बेगनास ताल डुङ्गा व्यवसायी समितिमा तीन सय ३१ डुङ्गा व्यवसायी छन् । "भोकभोकै आएर पनि डुङ्गा व्यवसायी पालोमा बस्छन्, तर पर्यटक कुर्दाकुर्दै दिन बित्छ, पालो आउँदैन", पाण्डेले सुनाउनुभयो, "अघिपछि यो याममा दैनिक ५० भन्दा बढी डुङ्गा व्यस्त हुन्थे । अहिले त चार/पाँच वटा चल्न पनि धौधौ छ ।" स्थानीय पर्यटन व्यवसायीले बेगनासमा पर्यटक घट्नुमा सडकको दूरावस्थालाई मुख्य कारक मान्छन् । मुग्लिन-पोखरा राजमार्गको तालचोक हुँदै बेगनास जोडिने सडक अहिले निर्माणाधीन अवस्थामा छ । "सडक बनिरहेकाले बेगनासको यात्रामा पर्यटकलाई सास्ती छ", डुङ्गाको टिकट कक्षका कर्मचारी राजु कँडेलले भन्नुभयो, "हिलो, धुलो र खाल्डाखुल्डीले हिँडिसाध्य छैन ।" आर्थिक मन्दीका कारणले पनि मानिस घुमघाममा कम निस्केको हुनसक्ने उहाँको भनाइ थियो । कँडेलका अनुसार पहिले मुक्तिनाथ दर्शन गर्न आउने भारतीय पर्यटक बेगनास ताल घुमेर स्वदेश फर्कन्थे । अहिले अति न्यून सङ्ख्यामा विदेशी पर्यटक त्यहाँ पुग्छन् । "पहिले दुई जनालाई टिकट बेच्न भ्याइनभ्याइ हुन्थ्यो । अहिले काउन्टर रुँघेर बस्नुपरिरहेको छ", उहाँले भन्नुभयो, "डुङ्गा व्यवसाय मात्र नभएर बेगनासको सिङ्गो पर्यटन क्षेत्र सुस्ताएको छ ।" तालमा पर्यटक आकर्षित गर्न गत साउनदेखि 'मोटरबोट'समेतसञ्चालनमाल्याइएको कँडेलले बताउनुभयो ।

उहाँका अनुसार पोखरा महानगरपालिका-३१ स्थित बेगनास ताल क्षेत्रको पर्यटनले डुङ्गा, मत्स्य, होटल तथा रेष्टुराँलगायत स्थानीय व्यवसायीको जीविका भरथेग हुँदै आएको छ । अहिलेकै स्थिति रहिरहे पर्यटनको आयआर्जन गुम्ने स्थानीयवासीमा चिन्ता छ । सुन्दरीडाँडास्थित बेगनास-रुपा सूचना केन्द्र तथा 'भ्यूवाटर'का कर्मचारी सरु भुजेलले कोभिड-१९ महामारीपछि बेगनासमा पर्यटकको सङ्ख्या नसोचेको ढङ्गले घटेको बताउनुभयो । "दैनिक सयौँ जनाले टिकट लिएर भ्यूटावर चढ्नुहुन्थ्यो । अहिले कुनै दिन त एक जना पनि पर्यटक आउनुहुन्न", उहाँले भन्नुभयो, "आम्दानी नभएपछि भ्यूटावरको मर्मतसम्भार र रेखदेखमा समस्या भइरहेको छ ।" शनिबार पनि 'भ्यूटावर'को अवस्था सुनसान रहेको भुजेलले सुनाउनुभयो । एकैसाथ बेगनास र रुपातालसहित मनोरम दृश्यावलोकन गर्न सकिने भए पनि पर्यटक नआउँदा भ्यूटावर क्षेत्र भएको सुनसान उहाँको भनाइ थियो । भ्यूटावर चढ्दा विद्यार्थीलाई रु २०, अन्यलाई रु ३० र विदशीलाई रु ५० को टिकट लाग्ने भुजेलले जानकारी दिनुभयो । टिकटको आम्दानीमध्ये ४० प्रतिशत ताल संरक्षणमा, २० प्रतिशत स्थानीय अरुण ज्योति आधारभूत विद्यालयमा, २० प्रतिशत जैविक स्रोत संरक्षण संस्थामा र बाँकी तलब आदिमा खर्च हुने गरेको उहाँले बताउनुभयो । "पर्यटक आउन छाडेपछि तलब खान पनि धौ-धौ परिरहेको छ । अरु संस्था धान्ने त झन् टाढाको कुरा भयो", भुजेलले भन्नुभयो, "कोभिड-१९ को बन्दाबन्दीपछि पर्यटक आउने क्रम घटेको घटै भयो । मुख्य पर्यटकीय याममा पनि बेगनास क्षेत्र सुनसान छ ।" आन्तरिक पर्यटक पनि आउन छोडेपछि बेगनासको पर्यटनलाई लिएर चिन्ता थपिएको उहाँले उल्लेख गर्नुभयो ।

पोखरा महानगरपालिका-३१ का वडाध्यक्ष ढकनाथ कँडेलले पोखरा सहर छेउमै भएर पनि बेगनास क्षेत्र ओझेलमा परेको बताउनुभयो । "पर्यटन पूर्वाधार र प्रवर्द्धनका दृष्टिले बेगनास अझै पनि पछाडि छ", उहाँले भन्नुभयो, "त्यसमाथि अहिलेको आर्थिक मन्दी, कमसल सडक तथा पूर्वाधारलगायत कारणले यहाँ पर्यटकीय चहलपहल कम भएको छ ।" वडाध्यक्ष कँडेलले पोखराको पर्यटन भनेपछि फेवाताललाई केन्द्रित गर्ने मानसिकताबाट सबै उम्कनुपर्ने धारणा राख्नुभयो । "सरकार र पर्यटनसम्बन्धी संस्थाको नजर पोखराका अरु तालमा पनि जानुपर्‍यो । पूर्वाधारमा लगानी बढाउनुपर्‍यो", उहाँले भन्नुभयो, "प्रदेश सरकार र पोखरा महानगरले यसलाई विशेष प्राथमिकतामा राखेर योजना बनाउनुपर्छ ।" प्रकृतिको वैभव, मठमन्दिर, जातजातिको विविधतापूर्ण बसोबास, मौलिक संस्कृति, रहनसहन, स्थानीय उत्पादन

बाँकी अन्तिम पृष्ठमा ▶▶


### हेलो सरकारले के गर्छ ?

- सार्वजनिक निकायमा हुने भेदभाव, वञ्चिती, सेवा प्राप्तिमा अवरोध, नोक्सानी एवं कुनै पीरमर्काबारे नागरिकका गुनासा सुन्छ ।
- कतिपय गुनासो कार्यकक्षबाटै सम्बन्धित निकायसँग सम्पर्क गरी सम्बोधन हुन्छ ।
- गुनासा सम्बोधनका लागि सम्बन्धित निकायहरुमा निर्देशनसहित पठाउँछ ।
- गुनासोउपर कारवाही भए नभएको नियमित ताकेता ।
- गुनासो व्यवस्थापन गर्ने जिम्मेवार अधिकारीसँग निरन्तर छलफल हुन्छ ।

त्यसैले,
आफूलाई परेको पीरमर्का तथा गुनासो हेलो सरकारमा टिपाऔं, समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खेलकुदको संस्थागत विकासका लागि जोड

पोखरापत्र संवाददाता
पोखरा, २२ असोज



प्रदेश खेलकुद परिषद गण्डकीको छैटौं बोर्ड बैठक सोमबार परिषदको कार्यालयमा सम्पन्न भएको छ।

परिषदको बोर्ड बैठकले खेलकुदको संस्थागत विकासमा जोड दिने विषयलाई प्राथमिकतामा राख्दै विभिन्न निर्णयहरु गरि सम्पन्न भएको हो। परिषदकी अध्यक्ष एवं सामाजिक विकास तथा स्थास्थ्य मन्त्री शुसिला सिंम्खडाको अध्यक्षतामा भएको बैठकमा दुई वटा कार्यविधि संगै खेल संघ दर्ता, नविकरण तथा संचालन सम्वन्धि मापदण्ड २०८० पारित गरेको छ। बैठकले पारित गरेका दुई वटा महत्वपूर्ण कार्यविधिमा गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा संचालन कार्यविधि २०८० , खेलाडी कल्याण कोषको स्थापना र संचालन सम्वन्धि कार्यविधि २०८० र खेल संघ दर्ता, नविकरण तथा संचालन सम्वन्धि मापदण्ड २०८० रहेको प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले जानकारी दिंदै स्विकृतीका लागि मन्त्रालयमा पठाउने निर्णय समेत् गरेको बताए। सदस्य सचिव शर्माले प्रदेश खेलकुदको संस्थागत विकासका लागि कार्यविधि र मापदण्ड महत्वपूर्ण कडिको रुपमा रहने जनाउँदै भने-“परिषद स्थापनाको छोटो अवधिमा हामीले प्रदेशको खेलकुदको जगलाई बलियो बनाउन योजनावद्ध रुपमा कार्य गरेका छौं। अव मन्त्रालयको स्विकृती पछि लागु हुने दुई कार्यविधि र मापदण्डले खेलकुदलाई अझै प्रखर रुपमा अघि बढ्न हामीलाई सहज वातावरण तयार हुनेछ।”

यसै गरि बैठकले आर्थिक वर्ष २०८०/०८१को वार्षिक विकास बजेटका विषयमा समेत निर्णय गरेको छ। बैठकमा आफ्ना धारणा राख्दै मन्त्री सिंम्खडाले परिषदका सदस्यहरुलाई प्रदेशको खेलकुद विकासका लागि आ-आफ्नो जिम्मेवारी पुरा गर्न आग्रह गर्दै मन्त्रालयकोतर्फबाट पूर्ण सहयोग रहने बताइन्। “मेरो जिम्मेवारी के हो ? म को हो ? र मैले के गर्नु पर्छ” यि तिन कुरामा ध्यान सके खेलकुद विकासले फड्को मार्ने बताउँदै उनले भनिन- “खेलकुद विकासका लागि नयाँ ढङ्गले सोच्न प्रदेशलाई खेलकुदको ऐतिहासिक थलोको रुपमा विकास नै अहिलेको आवश्यक्ता हो। त्यसमा जोड दिन म आग्रह गर्दछु।” खेलकुद विकासमा रहेका कुनै पनि समस्याहरु फुकाउन आफू तयार रहेको बताउँदै मन्त्री सिंम्खडाले विभिन्न समस्याका कारण खेल क्षेत्रबाट टाढिएका र समस्यामा रहेकाहरुलाई समेत समेटेर अघि बढने सके खेलकुद अझै प्रभावकारी रुपमा अघि बढन सक्ने उल्लेख गरिन्। बैठकमा मन्त्रलयका सचिव बद्रिनाथ अधिकारीले खेलकुदलाई अनुशासित र मर्यादित बनाउन अझै योजनावद्ध रुपमा अघि बढ्नुपर्ने बताए। प्रदेशका ११ वटै जिल्लाहरुमा सम्भावित खेलहरुको विकास गर्नु पर्ने उल्लेख गर्दै उनले खेलकुदमा लगानी बढाउने विषयमा प्रमुखताका साथ आवाज समेत उठाउनु पर्नेमा जोड दिए। खेलकुद विकासका लागि सान्दर्भिक र उपयूक्त विषयहरुमा मन्त्रालयको सदैव र साथ र सहयोग रहने उनको भनाई थियो।

# सांगीतिक ब्याण्ड ‘एक्सिस’ एक दशकपछि किड्स लाउन्ज पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, २२ असोज

साङ्गीतिक ब्याण्ड ‘एक्सिस’ले करिब एक दशक पछि पोखरामा पुनः प्रस्तुतीः राख्ने भएको छ। यही असोज २५ गते बिहीबारलेकसाइड स्थित किड्स लाउन्ज पोखरामा एक्सिस ब्याण्डको बिषेश प्रस्तुती हुने तयारी गरिएको छ।

पोजेटिभ भाईभ इन्टरटेनमेन्ट नेटवकको व्यवस्थापनमा हुने उक्त कार्यक्रममा एक्सिसको प्रस्तुतीःले पोखरेलीहरुलाई भरपूर्ण मनोरन्जन दिलाउने भएको पोजेटिभ भाईभ इन्टरटेनमेन्ट नेटवकका निर्देशक विकेस कायस्थले बताउनु भयो। उहाँलेभन्नुभयो“हामीलाईविश्वास छ, पोखरा यस्तो शहर हो जहाँ प्राकृतिक, सांस्कृतिक सहित साङ्गीतिक ब्याण्डहरुलाई उत्तिकै साथ र माया गर्ने शहर हो, त्यो हाम्रो टिमले अवश्य पाउने छ।” उक्त ब्याण्डका चर्चीत भोकलिष्ट सन्दिप विश्वकर्मा रहनु भएको छ। सन् २००३ मा संगठित भएको उक्त ब्याण्डले २००४ मा ब्ल्याक एण्ड ह्वाइट मार्फत पहिलो एलबम बजारमा ल्यायो। त्यसैगरी २००९ मा माफ गरिदेउ र २०१७ मा गाउँ घर गरी तीन एलबम श्रोता तथा दर्शक माझ ल्याएको छ। त्यसै गरी उक्त ब्याण्डले ल्याएको एलबममा अधुरो प्रेम, मुस्कान, मेरो प्रेम, तिमी फेरी आउन, हे मोरी, एक चोटी लगायतका चर्चीत गितहरु रहेका छन्।

यसैबिच, सोमबार एक्सिसले पाइला एलबम बजारमा ल्याएको छ। उक्त एलबम पाइला आफ्नो अफिसियल यूटुव च्यानलबाट सार्वजनिक गरेको छ।

किड्समा एक्सिस ब्याण्डको प्रस्तुतीः सहित हाउस ब्याण्ड र डि.जे. गरी तीन चरणको कार्यक्रम हुने भएको किड्सका लाउन्ज पोखराका संचालक ध्रुर्व केसीले बताउनु भयो। कोभिड १९ बाट प्रभावित भएको पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा उक्त कार्यक्रमले थप टेवा पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

# खुल्ला सेभेन ए साइड : क्वाटरफाइनलका खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २२ असोज



माछापोखरी खेलमैदानमा जारी खुल्ला सेभेन ए साइटड फुटबलमा क्वाटरफाइनलका खेल सम्पन्न भएका छन।

एट टु नाइन गाइजको आयोजनामा जारी प्रतियोगिताको सोमबार अन्तिम चार टिमको टुंगो लागेको हो। क्वाटरफाइनलको पहिलो खेलमा बि-१३ ले कमलपोखरीलाई २-१ गोलले हराउँदै सेमिफाइनल प्रवेश गरेको छ। बि-१३ को जितमा नकुल तामाङ र विनय तामाङले समान १/१ गोल गरे भने, कमलपोखरीका लागि विनम गुरुङले एक गोल गरे। उक्त खेलको म्यान अफ दि म्याच बि-१३ का नकुल तामाङ घोषित भए। दोस्रो खेलमा लामागाउँले भुजुङ एफसीमाथि ५-० सानदार जित हासिल गर्दै अन्तिम चारको यात्रा तय गरेको छ। पहिलो हाफमा ३ गोलको अग्रता लिएको लामागाउँले दोस्रो हाफमा थप दुई गोल गर्न सफल भयो। लामागाउँका लागि अनुज भण्डारीले ह्याट्रिक गरे। उनी खेलको म्यान अफ दि म्याचसमेत घोषित भए। यस्तै मीन गुरुङ र मनिष क्षेत्रीले समान १/१ गोल गरे। तेस्रो खेलमा रामघाट एफसीले नदीपुर एफसीलाई २-० गोल अन्तरले हराउँदै सेमिफाइनल प्रवेश गरेको छ। रामघाटको जितमा दिपेश आले नायक बने। उनले टोलिका लागि दुवै गोल गरे। आले खेलको म्यान अफ द म्याच घोषित भए। क्वाटरफाइनलको अन्तिम खेलमा गन्नी एफसीले त्रिशक्ति युनाइटेडलाई १-० भिनो अन्तरले हराउँदै अन्तिम चारमा प्रवेश गरेको छ। अनिस तामाङले गोल गर्दै टोलीलाई जित दिलाए। उनी खेलको म्यान अफि दी म्याच समेत घोषित भए। प्रतियोगिताको सेमिफाइन र फाइनल खेल भोलि हुनेछन्। फाइनल प्रवेशका लागि बि-१३ र लामागाउँ भिड्ने छन् भने, रामघाट र गन्नी एफसी भिड्ने छन्।

# पर्यटक ...

आदिले बेगनासलाई चिनारी दिएको वडाध्यक्ष कँडेलले जानकारी दिनुभयो। “प्रकृतिले सिँगारेको यो ताल यहाँको मुख्य आकर्षण हो”, उहाँले भन्नुभयो, “धार्मिक महिमा बोकेको ताल बराह यहीँ पर्छ। ऐतिहासिक कोत मन्दिरले पनि बेगनासको महत्व बढाएका छन्।” सात तालको बाटिका भनेरसमेत चिनिने लेखनाथ क्षेत्रमा बेगनास ताल पर्ने वडाध्यक्ष कँडेलले जानकारी दिनुभयो। उहाँका अनुसार बेगनास नजिकै रमणीय रुपा, दिपाङ, खास्टे, न्युरेनीलगायत ताल अवस्थित छन्। पोखराको पृथ्वीचोकदेखि १४ किमी र तालचोकदेखि साढे तीन किमी यात्रापछि बेगनास पुग्न सकिन्छ। सहरको कोलाहल र व्यवस्ता छलेर छिनमै पुग्न सकिने प्रकृतिमय गन्तव्य हो बेगनास क्षेत्र। फेवातालको बाराही र बेगनासमा रहेको बराहबीच साइनो रहेको बेगनास ताल बराह संरक्षण समितिका अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष कँडेलले बताउनुभयो। “बराह क्षेत्रको पुरातात्विक महत्व छ। यो सदियौं पुरानो धार्मिकस्थल हो”, उहाँले भन्नुभयो, “यसप्रति अथाह विश्वास र जनआस्था गाँसिएको छ। यहाँ पुजा गरे कुनै दुर्घटना नहुने विश्वास गरिन्छ।” बेगनास तालको उत्तरपट्टि रहेको बराह मन्दिरमा पूजापाठ गर्नाले स्थानीय जलारी र डुङ्गा व्यवसायीलाई लाभ पुग्ने, कुनै दुर्घटना नहुने विश्वास रहेको कँडेलको भनाइ थियो। “चेतै र बडादसैँमा पञ्जबलीसहित बराह मन्दिरमा विशेष पूजाआजा हुन्छ”, उहाँले भन्नुभयो, “मन्दिर पुनःनिर्माणसहित बृहत्तर विकासको योजना अगाडि बढाइएका छौँ।”बराह क्षेत्रको पूर्वाधार विकासमा गत आवमा गण्डकी प्रदेश सरकारले रु ५० लाख र चालु आवमा रु ३० लाख बजेट दिएको वडाध्यक्ष कँडेलले जानकारी दिनुभयो। “विसं २०३४/३५ सालअघिसम्म बेगनास तालबारे धैरै कमलाई थाहा थियो। यसको खासै चर्चा थिएन”, उहाँले भन्नुभयो, “विस्तारै पूर्वाधार बने। प्रचारप्रसार पनि भयो तर अझै पनि पर्यटनबाट उल्लेख्य लाभ बेगनासले उठाउन सकेको छैन।” उहाँका अनुसार बेगनास क्षेत्रमा स्तरीय सडक पूर्वाधार र बसपार्कको समस्या छ। तालचोक-बेगनास सडक विस्तार सुस्त गतिमा हुँदा पर्यटन क्षेत्र मारमा परेको वडाध्यक्ष कँडेलको भनाइ थियो। “ताल वरिपरि फुट ट्रायक, बगैँचा, विश्रामस्थल बनाउन आवश्यक छ”, उहाँले भन्नुभयो, “स्तरीय होटल, रेष्टुराँसहित सुरक्षाको प्रत्याभूति दिनसके बेगनासमा पर्यटक भित्रिन्छन्।”

# मुख्यमन्त्री पाण्डेद्वारा दुःख व्यक्त

पोखरापत्र संवाददाता
पोखरा, २२ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले इजरायलका विभिन्न स्थानमा विद्रोही समूह हमासले गरेको आक्रमणमा परी १० नेपालीको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ।

मुख्यमन्त्री पाण्डेले सोमबार शोक वक्तव्य जारी गर्दै मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली एवं घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना एवं शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ। इजरायलको द्वन्द्वमा नेपाली विद्यार्थी बंकरमा फसेको, घाइते भएको र उद्धारको पर्खाइमा रहेको खबर प्राप्त भएको उल्लेख गर्दै उहाँले यस दुःखद् परिस्थितिमा बेपत्ता भएका नेपालीको खोजी तथा उद्धार र घाइतेको उद्धार कार्यमा तीव्रता दिन नेपाल सरकार, दूतावास लगायतका विदेशी नियोगसँग अपिल गर्नुभएको छ। दुःखद घडीमा मङ्गलबार नेपाल सरकारले राष्ट्रिय शोक घोषणासमेत गरेकाले गण्डकी प्रदेशभित्रका सबै सरकारी कार्यालयमा राष्ट्रिय शोकका रूपमा आधा झण्डा झुकाउने निर्णय गरिएको छ। इजरायल र प्यालेस्टाइनमा शान्ति स्थापनाका लागि संयुक्त राष्ट्रसङ्घलगायत अन्य अन्तर्राष्ट्रिय समुदायलाई प्रभावकारी कदम चाल्न मुख्यमन्त्री पाण्डेले अपिल गर्नुभएको छ।

# इजरायलमा ...

जोखिमयुक्त क्षेत्रबाट नेपालीहरूको सुरक्षित उद्धार, समन्वय र सहजीकरण गर्ने, नेपाल फर्कन चाहनेलाई अस्थायी ‘ट्रान्जिट होम’ स्थापना गरी व्यवस्थापन गर्न उक्त दूतावासलाई स्वीकृति दिने निर्णयगरिएको सञ्चारमन्त्री शर्माले जानकारी दिनुभयो। सरकारले इजरायलमा रहेका नेपालीहरूकाको उद्धारका लागि आवश्यकताअनुसार इजरायल सरकार एवं छिमेकी र अन्य मित्रराष्ट्रहरूसमेतको सहयोग लिने पनि निर्णय गरेको छ।

उक्त घटनाका सम्बन्धमा मानवीय संवेदनशीलता, परिवारजनमा पर्ने मानसिक आघात र समाजमा पर्ने असर समेतलाई ध्यानमा राखी असान्दर्भिक र असंवेदनशील सामग्री सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रवाह नगर्न र आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भूमिका निर्वाह गर्न बैठकले अनुरोध गरेको छ।

# पुम्दी भुम्दीमा ३ दिनसम्म निःशुल्क स्वास्थ्य शिविर हुने

पोखरापत्र संवाददाता
पोखरा, २२ असोज

पोखरा ४ गैह्रापाटनमा रहेको नेलम्बो नेपालको आयोजनामा यही असोज २६ देखि २८ गतेसम्म पोखरा २२ (पुम्दी–भुम्दी) मा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएको छ।


पोखरा महानगरपालिका वडा नम्बर २२ को कार्यालय र स्वास्थ्य चौकीको समन्वयमा तीन दीनसम्म वडा कार्यालयमै निःशुल्क स्वास्थ्य शिविर संचालन हुने भएको नेलम्बो नेपालका अध्यक्ष एकदेब देबकोटाले बताउनु भयो।

उक्त स्वास्थ्य शिविरमा स्त्रीरोग, हाडजोर्नी, छाला, नाक, कान, घाँटी, सामान्य जाँच, दन्त रोग लगायतको उपचार गरिने भएको उहाँले बताउनु भयो।

त्यसै गरी शिविरमा ल्याब, इसिजि, भिडियो एक्सरे जस्ता सेवाहरु सहित निःशुल्क औषधिको समेत व्यबस्था गरिएको अध्यक्ष देबकोटाले बताउनु भयो। उक्त शिविर सहित स्वास्थ्य सचेतना समेत संस्थाले गर्ने भएको उहाँले जनाउनुभयो।

३ दिन सम्म सञ्चालन हुने बृहत शिविरमा ४ जना चिकित्सक सहित १० जना स्वास्थ्यकर्मी गरी जम्मा २२ जनाको टोली शिविरमा खटिने तयारी गरिएको कार्यक्रम संयोजक भिम प्रसाद भण्डारीले बताउनु भयो। टोली आवासिय सहित उक्त क्षेत्रमा रहेर पोखरा २२ का स्थानिय जनताको स्वास्थ्य क्षेत्रमा बिषेश चासो दिने भएको हो।


कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# म्याग्दीमा हाब्रे संरक्षण कार्यक्रम सञ्चालन गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

विश्वमै दुर्लभ जङ्गली जनावर रेडपाण्डा (हाब्रे) भेटिएको म्याग्दीमा संरक्षणको कार्यक्रम सञ्चालन हुने भएको छ।

धवलागिरि गाउँपालिका-२ लुलाङको जलजलास्थित जङ्गलमा च्याउ टिप्न गएका सुवास थापाले केही दिनअघि जिल्लामै पहिलो पटक हाब्रेको भिडियो खिच्नुभएको थियो। हाब्रे भेटिएको सम्बन्धी समाचार गत बिहीबार राससमार्फत सार्वजनिक भएको थियो। म्याग्दीमा हाब्रेको बसोबास रहेको तथ्य प्रमाणित भएपछि अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएड)ले संरक्षण कार्यक्रम सञ्चालन गर्न चासो दिएको डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले बताउनुभयो। "हाब्रे भेटिएको खबर सार्वजनिक भएपछि युएसएडअन्तर्गत गण्डकी प्रदेशमा लागू भएको जल र जङ्गल परियोजनाका अधिकार आइतबार वन डिभिजन कार्यालयमा आएर संरक्षण कार्यक्रम सञ्चालन गर्ने विषयमा छलफल गर्नुभएको छ", उहाँले भन्नुभयो। जैविक विविधता र वातावरण संरक्षणका क्षेत्रमा काम गर्ने उक्त परियोजनाका ल्याडस्केप टिम लिडर मानबहादुर विक र वरिष्ठ कार्यक्रम अधिकृत सोभियत कोईरालाको टोलीले डिभिजन वन कार्यालयसँग हाब्रे संरक्षण कार्यक्रम सञ्चालनको विषयमा छलफल गर्नुभएको हो।

"नयाँ र उपलब्धि देखिने काम हुने भएकाले म्याग्दीमा हाब्रे संरक्षणको कार्यक्रम परियोजनामा समेट्ने समझदारी भएको छ", वन अधिकृत रानाभाटले भन्नुभयो, "स्थानीय तह र वन डिभिजन कार्यालयसँग छलफल गरेर संरक्षणका कार्यालय बनाउने विषयमा छलफल भएको छ।"

सात वर्षअघि भएको अध्ययनका क्रममा जलजलाको जङ्गलमा भेटिएको दिसाको आधारमा हाब्रेको बासस्थान भएको बताइएको थियो। म्याग्दीमा यसअघि दुलर्भ वन्यजन्तु रेडपाण्डा भौतिकरुपमा देखिएको थिएन। संरक्षण कार्यक्रमको प्रभाव, चोरीसिकारी नियन्त्रण र जनचेतना अभिवृद्धिका कारण हाब्रे देखिन थालेको विषयमा अनुसन्धान गर्दै आउनुभएका बद्री बरालले बताउनुभयो। विसं २०७३ मा विश्व वन्यजन्तु कोषको सहयोग तथा हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले लज्जालु स्वभावको हाब्रे खोजी अभियान सञ्चालन गरेको थियो। लुलाङको मरेनी सामुदायिक वन, ढोरपाटन सिकार आरक्षको जलजला, गुर्जा र मुदीको जङ्गलमा हलुका रातो, सेतो र कालो रङको रेडपाण्डाको बासस्थान फेला पारे पनि प्रत्यक्ष देखिएको थिएन्। रातको समयमा रूखको टोड्कामा बास लिने र दिउँसो रूखका हाँगामा बसी आराम गर्ने, भोक लागेका बेला निगालोको टुसालगायत झारपात खान भुइँमा झर्ने रेडपाण्डाको बासस्थानका विषयमा हरियो वन कार्यक्रम र रेडपाण्डा नेटवर्कले धौलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ तथा मुदीमा अध्ययन गरेका थिए। रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा मालिङ्गो र टोड्का परेका रुख यस क्षेत्रको जङ्गलमा पर्याप्त छ। समुद्री सतहबाट दुई हजारदेखि चार हजार आठ सय मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको हो। रेडपाण्डा संरक्षण गर्न नेपाल सरकारले सन् २०१९ देखि २०२३ सम्म रेडपाण्डालाई पर्यटनसँगै जोडेर विशेष संरक्षण गर्ने नीति लिएको छ। रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई रु पाँच लाखदेखि रु १० लाख जरिवाना, पाँचदेखि १५ वर्ष कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था छ। रेडपाण्डाको सङ्ख्या नेपालमा पाँच सयदेखि एक हजार रहेको अनुमान गरिए पनि दुई सय ३७ को मात्र यकीन भएको छ। विश्वमा नेपाल, चीन, भारत, भूटान र म्यान्मामा मात्र रेडपाण्डाको बासस्थान छ। नेपालमा एलुरेन्स फ्युजन्स जातको रेडपाण्डा छ। नेपालका २४ जिल्लामा रेडपाण्डा पाइने रेडपाण्डा नेटवर्कले जनाएको छ।

# पर्यटकीयस्थल सोवाङ धुरीमा 'दृश्यावलोकन केन्द्र' स्थापना

**पोखरापत्र संवाददाता**
बेनी, २२ असोज

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा अवस्थित पर्यटकीयस्थल सोवाङ धुरीको पर्यटन प्रवर्द्धनमा स्थानीय मण्डली युवा क्लबले सक्रियता बढाएको छ।

धौलागिरि आइसफल पदमार्गअन्तर्गत पर्ने पर्यटकीयस्थल सोवाङ धुरीको प्रचारप्रसारका लागि युवा क्लबले प्रवर्द्धन अभियान सञ्चालन गरेको हो। समुद्री सतहदेखि तीन हजार आठ सय ४० मिटरको उचाइमा अवस्थित सोवाङ धुरीमा युवा क्लबको नेतृत्वमा 'दृश्यावलोकन केन्द्र' स्थापना गरिएको छ। क्लबका अध्यक्ष प्रवीन बुढाको नेतृत्वमा गएको आठ जनाको टोलीले सोवाङ धुरीमा 'दृश्यावलोकन केन्द्र ' स्थापना गरेका हुन्। अध्यक्ष बुढासहित उपाध्यक्ष, मेकिन पुन, सचिव सन्दीप तिलिजा, सहकोषाध्यक्ष अनोज गर्बुजालगायतको टोलीले चिमखोला गाउँदेखि करिब सात घण्टाको पैदलयात्रा गरी सोवाङ धुरीमा पुगेका थिए। चिमखोलादेखि पाल्लेखेत-सिजी-थामडाँडा, हुँदै सोवाङधुरी पुगेर त्यहाँको पर्यटन सम्भावनको खोजी र प्रवर्द्धन गरिएको क्लब अध्यक्ष बुढाले बताउनुभयो। "अथाह सम्भावना भएर पनि ओझेलमा परेको सोवाङधुरीलाई प्रवर्द्धन गर्न पहल गरेका हौं, यो क्षेत्रको प्रचारप्रसार र पूर्वाधार निर्माण गर्नसकेमा उत्कृष्ट गन्तव्य बनाउन सकिन्छ", अध्यक्ष बुढाले भन्नुभयो।

धौलागिरि आइसफल पदमार्गअन्तर्गत सोवाङ धुरी एकै ठाउँबाट धौलागिरि र अन्नपूर्ण हिमशृङ्खलाअन्तर्गतका दर्जनौं हिमाललाई एकै ठाउँबाट अवलोकन गर्न सकिने ठाउँको रुपमा परिचित छ। सोवाङ धुरीबाट मनोरम हिमशृङ्खलासँगै म्याग्दीका विभिन्न ग्रामीण बस्तीलाई समेत अवलोकन गर्न सकिने र जैविक विविधतायुक्त क्षेत्र भएकाले यहाँको दृष्यले पर्यटकलाई लोभ्याउने गरेको क्लबका सदस्य वकिल पुन मगरले बताउनुभयो। म्याग्दी र मुस्ताङलाई वैकल्पिक पदमार्गले जोड्ने गरी पहिचान भएको धौलागिरि आइसफल पदमार्गअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ गायत्री मन्दिरदेखि सुरु भएर भगवती-रुइसे-भेडिओढार-मुटुकाटे-पजत्राधुरी हुँदै सोवाङधुरी जोड्ने मुख्य पदमार्ग रहेको छ। मुख्य पदमार्ग र चिमखोला हुँदै सोवाङ धुरी पुगेपछि पर्यटक नेपाने-लोसधाप-लाटीबराह-कालीबराह ताल हुँदै धौलागिरि हिमालको आधार शिविर पुग्ने गर्छन्। आधार शिविरबाट बाँझोबुकी हुँदै कुइनेमङ्गलेमा अवस्थित प्रसिद्ध धार्मिकस्थल रिखार हुँदै र रघुगङ्गा नदीको किनार नै किनार हुँदै सङ्गुरथला भएर कुइनेमङ्गलको घ्यासीखर्क-चिमखोला हुँदै फर्कन मिल्ने गरी दुई वटा पदमार्ग सञ्चालनमा रहेको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकप्रसाद पाइजाले जानकारी दिनुभयो। "हरेक वर्ष पदमार्ग निर्माणको काम भइरहेको छ, अहिले पनि पर्यटन बोर्डबाट आएको बजेटबाट पदमार्ग स्तरोन्नतिको काम जारी छ, तर अक्करे पहाड र भिरमा अझै पनि पदमार्गलाई सुधार गर्न सकिएको छैन, त्यसको लागि थप बजेटको आवश्यकता छ", वडाध्यक्ष पाइजाले भन्नुभयो। टुरिजम एजेन्सिज अफ पश्चिमाञ्चल क्षेत्रीय च्याप्टर' (टान), तत्कालीन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा २०६८ सालमा म्याग्दीको गलेश्वर-राखुभगवती हुँदै धौलागिरि आइसफल पदमार्गको अध्ययन गरिएको थियो। यस पदमार्गले म्याग्दीको रघुगङ्गा गाउँपालिकाको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुइनेमङ्गले, अन्नपूर्ण गाउँपालिकाको दोबा, भुरुङ तातोपानी, दानालगायतका ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ।

# बरालको मौरीपालन : आफ्ना लागि आम्दानी, अरुका लागि प्रेरणा

**पोखरापत्र संवाददाता**
गण्डकी, २२ असोज



जीवनको साढे दुई दशक मौरीपालनमा खर्चिनुभएका पोखरा महानगरपालिका-३३ बागमारामा किसान श्रीभद्र बराल यतिखेर अरुका लागि प्रेरणाको स्रोत बन्नुभएको छ। लामो समयको मौरीपालन अनुभवले खारिनुभएका उहाँ मौरीपालनबाट राम्रो आम्दानीसँगै यतिबेला विभिन्न ठाउँमा पुगेर तालिम पनि दिन थाल्नुभएको छ। साकुरा एपियारी फार्मका सञ्चालक बराललाई यतिबेला पोखरा आसपासका क्षेत्रमा मौरीपालन तालिम दिन भ्याइनभ्याइ छ। तालिमका लागि ठाउँठाउँबाट माग हुने गरेको बताउँदै उहाँले आफूले यसबीचमा धेरै ठाउँमा तालिम दिएको अनुभव सुनाउनुभयो।

जिल्ला मौरिपालक महासङ्घका अध्यक्षसमेत रहनुभएका बरालको फर्ममा हाल एक सयभन्दा बढी मौरीका घार छन्। आफूले मौरीपालनबाट वार्षिक रु १० लाखसम्म आम्दानी गरेको उहाँको भनाइ छ। सुरुमा दुईवटा घारबाट मौरीपालन सुरु गर्नुभएका उहाँले यसबीच विभिन्न तालिम लिएको र घार पनि थप्दै गएको बताउनुभयो। आफूले विगतमा लिएको तालिमबाट सिकेको ज्ञान, सीप तथा मौरीपालनको अनुभवका आधारमा यतिबेला आफू तालिम दिँदैआएको बताउनुभयो। उहाँलाई कास्की, स्याङ्जा, तनहुँलगायतका स्थानबाट तालिमका लागि निम्तो आउने गरेको छ। बरालका अनुसार फार्ममा उत्पादित महप्रति केजी रु एक हजार आठ सयसम्म बिक्री हुन्छ। यहाँ उत्पादित महका लागि बजारको कुनै समस्या नभएको उहाँको भनाइ छ। तर बाहिरबाट आयात हुने कम गुणस्तरको महका कारण बजारलाई प्रभावित बनाउने गरेको उहाँको अनुभव छ। मौरीपालनमा मौसमी व्यवस्थापनको ठूलो महत्व हुने बताउँदै उहाँले वर्षा, जाडो र गर्मी मौसमअनुसार घारको व्यवस्थापनलाई ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। मौरीको भित्री भागमा कीरा लाग्ने सम्भावना हुने बताउँदै बरालले बाहिरी रुपमा सत्रु कीराले पनि आक्रमण गर्ने भएकोले त्यसलाई ध्यान दिनुपर्ने बताउनुभयो। मौरीलाई अरिङ्गाल, माउसुली, पहैंले, माकुरा, वन साङ्लोआदिबाट जोगाउन चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ। मौरीको सङ्ख्या बढाउनका लागि किसान सचेत बन्नुपर्ने उल्लेख गर्दै उहाँले सुरुमा सात वटा फ्रेमभरी सकेपछि सुपर कक्ष राख्न सकिने र छाउरा कक्ष भरेपछि सुपरकक्षमा मह उत्पादन हुने बताउनुभयो। भाले, कर्मी र रानी मौरी सबैका आ-आफ्ना भूमिका रहेको उहाँको भनाइ छ। मौरी विभिन्न बाली, फलफूलका लागि पनि उपयोगी हुने बताउँदै उहाँले मौरीले गर्ने परागशेचनले बाली उत्पादनमा समेत वृद्धि हुने जानकारी दिनुभयो।

जङ्गलमा फूल्ने फूलबाट औषधीय गुण भएका रस मौरीले सङ्कलन गर्ने र यसबाट उत्पादन पनि बढ्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "वन जङ्गलबाट आर्थिक लाभ लिनका लागि पनि मौरीपालन आवश्यक छ, मौरीबिना वन जङ्गलमा उत्पादित पुष्परस सङ्कलन गर्ने कुनै अर्को उपयुक्त विधि र प्रविधि देखिन्न।" बरालले एपि सेरेना जातको मौरीपालन गरिरहनुभएको छ। समुद्री सतहको आठ सयदेखि अधिकतम तीन हजार मिटरको उचाइमा पनि मौरीपालनको व्यावसायिक खेती गर्न सकिने उहाँको भनाइ छ। बढ्दो बेरोजगारीसँगै भइरहेको विदेश पलायनलाई रोक्नका लागि मौरीपालन उपयुक्त विकल्प हुनसक्ने बरालले बताउनुभयो। "मोरीपालन स्वरोजगार बन्नका लागि पनि उपयुक्त विकल्प हो, कम्तीमा ५० वटा मौरीका घारबाट व्यवसाय सञ्चालन गर्न सके मासिक रु ४० देखि ५० हजारसम्म आम्दानीका लागि भौतारि नुपर्दैन", उहाँले भन्नुभयो। सहरीभन्दा पनि ग्रामीण क्षेत्र मौरीपालनका लागि उपयुक्त हुने बताउँदै उहाँले यसले गाउँबाट सहरतर्फ भइरहेको बसाइँसराइ रोक्न पनि योगदान गर्न सक्ने धारणा राख्नुभयो।

पोखरामा वार्षिक ९० टन मह उत्पादन हुने गरेको पोखरा महानगरपालिका कृषि महाशाखाप्रमुख मनोहर कडरियाको भनाइ छ। उहाँका अनुसार महानगरपालिकाभित्रका वडा नं १६, २०, २८ र ३० लाई मौरी पकेट क्षेत्र घोषणा गरिएको छ। महानगरपालिकाले अघिल्लो आर्थिक वर्षमा वडा नं १६ मा मौरसहितका एक सय ९२ वटा घार वितरण गरेको छ भने वडा नं २० मा मौरीसहितका एक सय ८५ घार वितरण गरेको छ। महानगरपालिकाले वडा नं २८ मा मौरी सहितका दुई सय ५० घार र वडा नं ३० मा मौरीसहित एक सय ८३ घार वितरण गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार व्यक्तिगत रुपमा एक दुई घार राख्नेको सङ्ख्या पनि पोखरा महानगरभित्र ठूलो छ। मौरीपालन तोरी, फापर जस्ता कृषिजन्य उत्पादनका लागि पनि उपयोगी हुने बताउँदै उहाँले मौरीपालन गरेका स्थानमा १० देखि १५ प्रतिशत बढी उत्पादन पाइएको उहाँको भनाइ छ।

# बाँझिएको जग्गामा टिमुर खेती

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असोज

सुन्दर डोहेरी सुनसान छ। कान्छो धौलागिरिको काखमा रहेको सुन्दर डोहेरी गाउँमा अहिले मानिसको आवाजभन्दा चर्को चरीको चिरीबिरी सुन्न पाइन्छ। वन्यजन्तु र पन्छीले विस्तारै गाउँको माझसम्मै बासस्थानको विस्तार गर्दैछन्।

काठेखोला गाउँपालिका-२ भीमापोखराको उच्च भागमा रहेको डोहेरी गाउँमा केही वर्षअघिसम्म खचाखच घर थिए। पाखो बारीमा सुनसरी आलु र भाँगोको खेती थियो। अहिले एकाद घरमा मानिसको बसोबास छ। आलु फल्ने बारी, भाँगो फल्ने बारीका छेउकुना वनमाराको शिकार बनेका छन्। गाउँमा बनेका घर स्याहारको अभावले भत्किने अवस्थामा पुगेका छन्।

केही वर्षअघिदेखि चलेको बसाइँसराइको मार डोहेरीले नराम्रोसँग बेहोर्‍यो। बाइस घर रहेको गाउँ आठ/दश घरको गाउँ भएको छ। तीनै भएका घरमा सबै घरमा सधैं मान्छे बस्दैनन्। "नहुने होइन, परम्परागत बाली बाउबाजेले आर्जेरै खाएका थिए, तर गुजारा चलेन त के गर्नु", स्थानीय प्रेम केसीले भन्नुभयो, "कतिले सकेर अन्यत्रै बसाइँ सरे, कसैले नसकेरै गाउँ छोडे।"

भौगोलिक हिसाबले उच्च पहाडी क्षेत्रमा पर्ने यो गाउँमा अधिकांश समय हावापानी चिसो हुन्छ। उत्पादन ढिलो हुने, सबै बाली उत्पादन गर्न नसकिने र शिक्षा, स्वास्थ्य तथा रोजगारीका लागि टाढा-टाढा पुग्नुपर्ने बाध्यताका कारण स्थानीयले गाउँ छोडेको केसी बताउनुहुन्छ। परम्परागत शैलीको खेतीपाती र बसोबासले खाली हुँदै गरेको डोहेरीको मुहार फेर्ने विषयमा गाउँलेले नसोचेका भने होइनन्। बागलुङको प्रसिद्ध धार्मिक पर्यटकीयस्थल पञ्चकोटदेखि काठेखोला गाउँपालिकाको प्रसिद्ध बेलढुङ्गा, तमानखोलाको सोलेडाँडा हुँदै ढोरपाटन शिकार आरक्ष क्षेत्रसम्म परिकल्पना गरिएको पदमार्गको बीचमा पर्छ, यो गाउँ। पर्यटनका हिसाबले कान्छो धौलागिरि भनेर चिनिने डोहेरीको लेक, गुनगुनेको धुरीलगायतका प्राकृतिक स्रोत नजिकै छन्। त्यसैले स्थानीयले डोहेरीलाई ब्यूँताउने प्रयत्न थालेका छन्। "कृषि पर्यटनबाट गाउँ चिनाउने र गाउँ फर्काउन सकिन्छ की भनेर प्रयास थालेका छौं", केसीले भन्नुभयो, "गाउँलेले बाँझो जमिनमा केही टिमुर लगाउन थालेका छन्, उत्पादन र पर्यटन सँगसँगै लैजाने तयारी छ।" बाँझो जमिनको प्रयोगमा वडा कार्यालयले पनि साथ दिएको छ। "गाउँनै रित्तो हुँदै गयो, बसाइँसराइ रोक्छु भनेर लागौं गफैमात्र हुन्छ, बरु बाँझो जमिनको प्रयोग र अन्य उत्पादनका विधि खोज्न थालेका हौं", वडाध्यक्ष विद्यापति शर्माले भन्नुभयो, "हामीले टिमुर लगाउन युवालाई प्रोत्साहित गरेका छौं, हेरौं उत्पादन दियो भने आम्दानी राम्रो हुन्छ, कम्तीमा मान्छे गाउँ नबसे पनि जग्गा बाँझो नरहोस् भन्ने हो।" वडा कार्यालयले म्याग्दीबाट टिमुरका बिरुवा ल्याउनका लागि स्थानीय युवा किसानलाई सहयोग गरेको छ। यस वर्ष पाँच सय टिमुरका बिरुवा लगाएका युवाले क्रमशः सबै बाँझो जग्गामा टिमुर खेती गर्ने योजना बनाएका छन्। बसाइँसराइका कारण रित्तिएका गाउँ र बाँझै रहेका जग्गाको उपयोगमा नयाँ विधि अपनाउनुपर्ने वडाध्यक्ष शर्माले बताउनुभयो। डोहेरीमा टिमुर लगाउन युवाले उत्साह देखाएका छन्।


# गाउँपालिका अध्यक्ष घर्तीको कैद फैसला उच्च अदालतद्वारा सदर

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असोज

लागुऔषध (गाँजा)सम्बन्धी मुद्दामा दोषी ठहर भएका निसिखोला गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्तीको मुद्दामा उच्च अदालत पोखरा, बागलुङ इजलासले जिल्ला अदालत बागलुङको फैसलालाई नै सदर गरेको छ।

आइतबार न्यायाधीशद्वय मदन पोखेल र माधविन्द्रराज रेग्मीको संयुक्त इजलासले जिल्ला अदालत बागलुङको तीन वर्ष छ महिना कैद फैसला सदर गर्दै घर्तीलाई थप रु ५० हजार जरिवानाको फैसला गरेको अदालतका सूचना अधिकारी शिवप्रसाद गौतमले जानकारी दिनुभयो। जिल्ला अदालत बागलुङले २०७९ पुस ३ गते घर्तीलाई लागुऔषध कारोबारमा संलग्न भएकोमा दोषी ठहर गर्दै कैद फैसला सुनाएको थियो। उक्त फैसलाविरुद्ध घर्तीले २०८० जेठ ३ मा उच्च अदालत पोखरा, बागलुङ इजलासमा पुनरावेदन दिएका थिए। हाल गाउँपालिका अध्यक्ष रहेका घर्ती निसीखोला-६ को वडाध्यक्ष हुँदा २०७७ असार १२ गते ८० केजी गाँजासहित आफ्नै घरबाट पक्राउ परेका थिए। घर्तीलाई जिल्ला अदालत बागलुङले कैद फैसला गर्दा घर्ती गाउँपालिका अध्यक्षमा निर्वाचित भइसकेका थिए। इलाका प्रहरी कार्यालय बुर्तिवाङका तत्कालीन प्रहरी निरीक्षक प्रकाशसिंह भण्डारीको नेतृत्वमा खटिएको टोलीले घर्तीलाई निवासबाटै पक्राउ गरेको थियो। बुर्तिवाङ बजारमा गाँजा सेवन गर्ने युवालाई पक्राउ गरी अनुसन्धान गर्ने क्रममा आपूर्तिकर्ताको खोजी गर्दै जाँदा प्रहरी घर्तीसम्म पुगेको थियो।



## एउटै व्यक्ति भएको सूचना



बाग्लुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ११ साविक रिघा गा.वि.स. वडा नं. २ निवासी भारतीय भू.पू.सै.नं. ५७४६१०६ पल्टन ५/८ जि.आर.का नायक छम बहादुर थापाको भारतीय डकुमेन्टमा जन्म मिति २०१३/०३/०१ भएको र निजको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर छम बहादुर थापा श्रीस, जन्म मिति २००९/०३/१२ भई नामथर र जन्ममिति फरक परे तापनि एउटै व्यक्तिको एक मात्र श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर गोमती थापा श्रीस, जन्म मिति २०१०/०८/११ भएको र निजको भारतीय डकुमेन्टमा श्रीमतीको नामथर गंगा देवी थापा, जन्ममिति २०१५/१०/१९ भई नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालका ११ नं. वडा कार्यालय, बाग्लुङको च.नं १७३, मिति २०८०/०६/०४ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला गलकोट नगर पालिका वडा नं.११ साविक रिघा गा.वि.स.वडा नं. ४ निवासी भारतीय भू.पू.सै.नं. ५७४३६३० पी पल्टन ४/८ गोरखा राईफलका राइफल मेन प्रेम बहादुर पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर प्रेम बहादुर घर्ति, जन्ममिति २००६।१०।०५ भएको र निजको भारतीय डकुमेन्टमा नाम थर प्रेम बहादुर पुन, जन्ममिति २००६।०७।२८ भई नामथर र जन्ममिति फरक परेतापनि व्यक्ति एउटै भएको साथै निजका श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम्थर राम कलि घर्ति, जन्ममिति २००७।०५।०८ भएको र निजको भारतीय डकुमेन्टमा श्रीमतीको नाम थर राम कलि, जन्म मिति २००८ भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका ११ नं. वडा कार्यालय, बागलुङको च.नं. २१६, मिति २०८०।०६।०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयाजनार्थ जानकारीका लागि अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय बागलुङ**